ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs. Date: 14.09.2025

## सिक्किमका राज्यपालद्वारा हिन्दी दिवसको शुभकामना

आज हिन्दी दिवस हो। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले देशवासीलाई शुभकामना दिनुभएको छ। यता, सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले पनि राज्यवासीलाई शुभकामना व्यक्त गर्नुभएको छ। आफ्नो सन्देशमार्फत उहाँले हिन्दीलाई केवल भाषा नभई सांस्कृतिक चेतना, भावनात्मक अभिव्यक्ति र राष्ट्रिय एकताको सशक्त माध्यमका रूपमा वर्णन गर्नुभयो। साथै, सिक्किमजस्तो बहुभाषिक र बहुसांस्कृतिक राज्यमा हिन्दी, संवादको पुल र सामाजिक सद्भावको संवाहक भएको बताउनुभयो। राज्यपाल माथुरले सबैलाई हिन्दी भाषालाई दैनिक जीवनको अभिन्न भाग बनाउन आह्वान गर्नुभएको छ।

## राजेन गुरुङ

पश्चिम सिक्किममा लगातार परेको पानीको कारण गएको पहिरोले हिजो साँझ लगभग 7 बजे घर नजिकै झरेको पहिरोको चपेटामा आएर 47 वर्षीय राजेन गुरुङले ज्यान गुमाउनुभयो। घटना मानेबुङ–देन्ताम विधानसभा क्षेत्रअन्तर्गत पर्ने सर्दुङ–लुङजिक ग्राम पञ्चायतको हो। जानकारीअनुसार लगातार पानी परेपछि घर नजिकै भल निकासी गराउने क्रममा उहालाई माथिबाट झरेको पहिरोले पुरेको थियो। राजेन गुरुङ, यसै ग्राम पञ्चायत युनिटका सभापति हुनुहुन्थ्यो।

पञ्चायत सभापति राजेन गुरुङको निधनप्रति मुख्यमन्त्री पीएस गोलेले गहिरो शोक व्यक्त गर्नुभएको छ। उहाले स्व. गुरुङलाई एक समर्पित जनप्रतिनिधि र समाजसेवीको रूपमा स्मरण गर्दै उहाको समाज र जनकल्याणप्रतिको योगदान सदैव स्मरणीय रहने बताउनुभएको छ । मुख्यमन्त्रीले सरकार र प्रशासन मृतकको परिवारसँग एकताबद्ध रहेको र तत्कालीन सहयोग उपलब्ध गराइने आश्वासन दिनुभएको छ।

## कञ्चनजङ्घा अन्तर्राष्ट्रिय पर्यटन सम्मेलन

यसै वर्षको अन्त्यसम्ममा 20 लाखभन्दा बढी पर्यटक भित्र्याउने लक्ष्यका साथ गान्तोकमा तेस्रो कञ्चनजङ्घा अन्तर्राष्ट्रिय पर्यटन सम्मेलन सम्पन्न भएको छ। 12 अनि 13 सेप्टेम्बरमा आयोजित यस सम्मेलनको, राज्यका पर्यटन मन्त्री छिरिङ थेन्डुप भोटियाले उद्घाटन गर्नुभएको थियो। जसमा सिक्किम, पश्चिम बंगाल र भुटानका पर्यटन सरोकारवालाको सहभागिता थियो। सम्मेलनमा दिगो पर्यटन र ग्रामीण पर्यटन प्रवर्द्धनमा जोड दिइयो भने योकसम, उत्तरे, सोरेङ र नाम्चीलाई प्रमुख गन्तव्यका रूपमा प्रस्तुत गरियो। कार्यक्रममा 2026 को बंगाल ट्राभल मार्टको अनलाइन दर्ता पोर्टल पनि सार्वजनिक गरियो।

## सिक्किम राज्य विपद् व्यवस्थापन प्राधिकरण

सिक्किम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एसएसडिएमए) र जिल्ला विपद् व्यवस्थापन प्राधिकरण (डीडिएमए) ले लगातार वर्षाका कारण राज्यका विभिन्न स्थानमा पहिरोको जोखिम बढेको भन्दै आमनागरिकलाई सतर्क रहन अपील गरेको छ। प्राधिकरणले सार्वजनिक गरेको विज्ञप्तिमा, पहिरो प्रभावित क्षेत्रमा अनावश्यक यात्रा नगर्न र संवेदनशील स्थानमा बसोबास गर्नेहरूले आफ्ना वरिपरि देखिने अस्वाभाविक गतिविधि जस्तै जमिनमा चिरा परे, पानीको असामान्य बहाव वा माटो धस्किने जस्ता संकेतलाई ध्यानपूर्वक निगरानी गर्न सुझाव दिएको छ। साथै, कमजोर संरचनामा बस्नबाट बच्न पनि आग्रह गरिएको छ। प्राधिकरणले, आधिकारिक सूचना र ट्राफिकसम्बन्धी निर्देशनअनुसार चल्न तथा भारतीय मौसम विभाग (आईएमडी) ले जारी गर्ने विशेष मौसम बुलेटिनलाई अनुसरण गर्न सबैलाई आग्रह गरेको छ। नागरिकहरूलाई तत्काल मौसम अपडेट पाउन 'Sachet App' डाउनलोड गर्न पनि सुझाव दिइएको छ। आपतकालीन अवस्थामा विपद् व्यवस्थापन टोलीसँग तुरुन्त सम्पर्क गर्न सकिने एसएसडिएमएले जनाएको छ।

**अप्पर जङ्गु**

उत्तर सिक्किमको अप्पर जोङ्गु क्षेत्रमा आइतबार बिहान ठूलो पहिरो खस्दा रिङ खोला खण्डअन्तर्गत फिदाङ–साङ्कलाङ सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। सडक भासिएर बन्द भएपछि सम्पूर्ण सवारी–सञ्चार रोकिएको छ । अविरल वर्षाका कारण हे–ग्याथाङ र लिङ्दोङबीचको सडक अझै अवरुद्ध रहेको अधिकारीहरूले जनाएका छन्। सीमा सडक संगठन (BRO) ले पुरानो रिङ खोला पुलमार्फत हलुका सवारीसाधनलाई मात्र सीमित रूपमा सञ्चालन गर्न अनुमति दिएको छ। भारी सवारीसाधन भने वैकल्पिक मार्गमार्फत साङ्कलाङ हुँदै चुंगथाङ र लाचुङतर्फ पठाइएको छ।

**मौसम**

मौसम विज्ञान विभाग द्वारा प्राप्त जानकारी अनुसार आज गान्तोक वर-परको अधिकतम तापमान 21.7° सेलसियस रिकर्ड गरियो भने न्युनतम तापमान 17.7° सेल्सियस रिकर्ड गरियो। वितेको 24 घण्टामा गान्तोक वर-पर 38.3 MM वर्षा रिकर्ड गरियो।